बरहथवा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
प्रदेश नं. २, नेपाल

☎ 046-540310
046-540257

नयाँ पत्रिका दैनिक प्रकाशित सूचना।

पत्र संख्याः- २०७५/०७६

चलानी नम्वर :-

विषय :-बजार तथा आन्तरिक आय ठेक्का बन्दोवस्त सम्बन्धी

(प्रथम पटक प्रकाशित मिति २०७६/२/२०)

होम बहादुर थापा
अधिकृत, आर्ण तह

उपरोक्त विषयमा यस कार्यालयको मिति २०७६/२/१९ गतेको निर्णय अनुसार आ.व.२०७६/०७७को लागि तपशिलमा उल्लेखित बजार तथा नदीहरुको शिलबन्दी बोलपत्र /दरभाउपत्र द्वारा ठेक्का लगाउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त फर्म वा व्यक्तिहरुबाट तपशिलमा उल्लेखित शर्तहरु वमोजिम यो सूचना प्रकाशीत भएको मितिले ३० दिन भित्र यस कार्यालयबाट पछि फिर्ता नहुने गरी तपसिल मा उल्लेखित दस्तुर वुझाई वोलपत्र /दरभाउपत्र खरीद गरी आफुले कवोल गरेको दर रेट भरी सिलवन्दी गरी यस कार्यालयमा पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशीत गरीएको छ।

शर्तहरु :-

१. वोलपत्र/दरभाउपत्र साथ ठेक्का लिने व्याक्ति फर्म/संस्था ले इजाजत प्रमाण पत्रको प्रतिलिपि, पा नं./भ्याट नं. को दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व.०७४/०७५ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नु पर्नेछ। व्यक्तीको हकमा नेपाली नागरिकताको प्रमाण पत्र र प्यान दर्ता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।

२. वोलपत्र/दरभाउपत्र फारम यो सूचना प्रकाशन भएको मितिले ३० औं दिन दिनको ५:०० बजेसम्म यस कार्यालयबाट न्युनतम अंक रु १० लाख सम्मको दस्तुर रु १,०००।- रु १० लाख भन्दा माथीको दस्तुर रु ३,०००।- मा खरिद गरी ३१ औ दिन दिनको १२ :०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। उक्त वोलपत्र/दरभाउपत्र यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र ठेकेदारको रोहवरमा सोही दिन दिनको २:०० वजे यस कार्यालयमा खोलिने छ। तर ठेकेदार प्रतिनिधि नआए पनि उक्त सिलबन्दी वोलपत्र/दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. वोलपत्र/दरभाउपत्र साथ कबोल रकमको नेपाली नागरिकको हकमा ५% र विदेशी नागरिकको हकमा १०% ले हुन आउने धरौटी रकम ने.वै.लि. बरहथवा शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. १४००३००००००००३००००००२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ।

४. सिलबन्दी नगरी वा म्याद भित्र प्राप्त नभएका वोलपत्र/दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

५. एक फर्म वा व्यक्तीबाट खरिद भएको बोलपत्र अर्को व्यक्ती वा फर्मले प्रयोग गर्न सक्ने छैन।

६. वोलपत्र/दरभाउपत्रमा दर रेट अंक र अक्षरमा प्रस्ट खुलाई पेश गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ।

७. वोलपत्र/दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने अन्तिम मितिमा सार्वजनिक विदा परेमा सो को भोलीपल्ट गरिने छ।

८. वोलपत्र/दरभाउपत्र स्विकृत गर्ने-नगर्ने सम्पुर्ण अधिकार यस कार्यलयमा निहित रहने छ।

९. यस सम्बन्धी अन्य कुराहरु प्रचलित आर्थिक ऐन-नियमावली बमोजीम हुने छ र थप कुरा बुझनु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

१०. ठेक्का अवधी २०७६ श्रावण देखी १ गतेदेखी २०७७ आषाढ मशान्त सम्म १ (एक) वर्षको लागि हुने छ।

११. सरकारी, पेश्की, वेरुजु बाँकी रहेको व्यक्ती वा फर्म लाई ठेक्का दिइने छैन।